नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☎ ०७५ { ५२०१२३
५२०१२४
५२०१२५

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/dao.palpa.184

च.नं.
प.स. २०८२/०८३

## वस्तु तथा सेवाको मूल्य सूची राख्ने सम्बन्धी सूचना !

नेपाल सरकार,प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयबाट मिति २०८३ वैशाख २८ गते देखि ऐ.जेठ ३ गते सम्म मूल्य पार्दर्शिता सप्ताह(Price Transparency Week) को रुपमा कार्य गर्न विभिन्न क्रियाकलाप सञ्चालन गर्न गराउन निर्देशन भएको व्यहोरा अवगत नै होला । सो सम्बन्धमा उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली,२०७६ मा उल्लेख भए बमोजिम यस जिल्लामा सञ्चालनमा रहेका खाद्यन्न, दुग्ध तथा दुग्धजन्य पदार्थ, माछा मासु, हार्डवयर, भाँडा वर्तन, फेन्सी तथा कपडा पसल, स्टेशनरी, ईलेक्ट्रिकल सामानहरु, पुजा सामाग्री पसल,फलफुल तथा तरकारी पसल, विद्युतीय सामानका पसलहरु, सवारी साधनहरुका पार्टपुर्जासँग सम्बन्धित पसलहरु, फर्निचर तथा फिक्चर्स,होटल तथा रेष्टुरेण्ट, फोटोकपी प्रिन्ट तथा मेशिनरी उपकरण, व्युटी पार्लर तथा सैलुन लगायतका वस्तु तथा सेवा विक्री वितरण गर्ने सम्पूर्ण व्यवसयीहरुले मूल्य पार्दर्शिता कायम गर्ने प्रयोजनार्थ विक्री गर्ने वस्तु तथा सेवाको मूल्य सूची (कर र अन्य शुल्क सहित) वितरण स्थलमा स्पष्ट देखिने र बुझिने गरी अनिवार्य रुपमा राख्ने / राख्न लगाउने व्यवस्थाको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०८३।०१।३०

...................................
ऋषिराम सुवेदी
(सहायक प्रमुख जिल्ला अधिकारी)

<u>पुनश्च:</u> उपभोक्ता हित संरक्षण नियमावली,२०७६ को नियम १३ को उपनियम(२) अनुसार देहायको अवस्थामा वस्तु तथा सेवा विक्रेताले छुट्टै मुल्य सूची राख्न आवश्यक नपर्ने व्यहोरा अनुरोध छ ।

<u>देहाय:</u>

- प्रत्येक वस्तुको प्याकेट वा त्यस्तो वस्तु राखिएको सामाग्रीको बाहिरी भागमा त्यस्तो वस्तुको मूल्य उल्लेख भएकोमा,
- कुनै वस्तुको प्याकेटमा एक भन्दा बढी वस्तु राखिएको र त्यस्तो प्याकेटमा वस्तुको प्रति एकाई मूल्य उल्लेख भएकोमा,
- वस्तु र सेवाको मेनु (Price Index) राखिएकोमा,